मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
"नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको संस्था"(राष्ट्रिय स्तरको विकास बैंक)

कम्पनी दर्ता नं. : ९५६/०६२/०६३
इजाजत पत्र नं. : ने.रा.बैं./इ.प्रा./ख/३६
पान नं: ३०२३४९२९६

# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकले हायर पर्चेज कर्जाको व्याजदर घटायो

मिति : २०७७/०५/०१

हाल बिद्यामन कोरोना भाईरसको महामारी नियन्त्रणको लागि नेपाल सरकारले लागु गरेको देशब्यापी बन्दाबन्दीको कारणबाट अर्थतन्त्रमा परेको असर संग संगै अत्यन्त प्रवाहित क्षेत्रको रुपमा रहेको यातायात व्यवसायमा परेको प्रभावलाई मध्यनजर गर्दै मुक्तिनाथ विकास बैंकले आफ्ना ग्राहकहरुलाई प्रदान गर्दै आएको हायर पर्चेज कर्जाको व्याजदर मिति २०७७ भाद्र १ गते देखि लागु हुने गरी २ प्रतिशतसम्म घटाएको छ । यस बाट गत चैत्र महिना देखि भएको बन्दाबन्दीले सानो लगानीमा आफ्नो स्वआर्जन गरी व्यवसाय गर्दै आएका ग्राहकहरुलाई पर्न गएको आर्थिक प्रभावमा राहत मिल्ने बैंकले विश्वास लिएको बैंकका सूचना अधिकारी श्री तिल बहादुर गुरुङ्गले जानकारी गराउनु भयो ।

मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३८ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत, निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदान गर्दै आई रहेको छ ।

फोन: ०१-४१६८६८५, ४१६८६८६
फ्याक्स: ०१-४१६८६८४
केन्द्रीय कार्यालय:
का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौ
ईमेल: info@muktinathbank.com.np
वेबसाइट: www.muktinathbank.com.np